सम्पादकीय

भूमे साप्ताहिक

वर्ष ७ अङ्क १२ कार्तिक ० २ आईतबार

# स्वच्छ कृषिमा भूमेको उदाहरण

हिमाली भूभागमा रहेको भूमे गाउँपालिकाले फेरि पनि आफ्नो पहिचान फरक ढङ्गले उजागर गरेको छ। लुम्बिनी प्रदेशका १ सय ९ वटै स्थानीय तहमध्ये भूमे मात्रै "स्वच्छ कृषि उत्पादनमा उत्कृष्ट स्थानीय तह" घोषित हुनु सामान्य कुरा होइन। यो एउटा परिवर्तनको सन्देश हो, जसले गाउँले जीवनशैलीदेखि सरकारी सोचसम्मलाई प्रभावित गरेको छ। कृषि हाम्रो जीवनको मेरुदण्ड हो। तर पछिल्ला दशकमा रासायनिक मल र विषादीको अन्धाधुन्ध प्रयोगले खेत मात्रै होइन, स्वास्थ्य र वातावरण दुवैमा विष घोल्दै आएको छ। यस्ता समयमा भूमेले जैविक खेतीलाई अपनाएर देखाएको बाटो साँच्चिकै अनुकरणीय छ। गाउँपालिकाले किसानलाई प्रशिक्षण, जैविक मल उत्पादनका लागि प्रविधि र प्रोत्साहन दिएको नतिजा आज आँखा सामु छ। माटो फिर्दैछ, उत्पादन गुणस्तरीय बन्दैछ, र बजारसम्म सहज पहुँच बन्दैछ।



गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठको शब्दमा, "यो पुरस्कार होइन, भूमेको प्रतिबद्धताको प्रमाण हो।" वास्तवमै, यो उपलब्धि कुनै एक व्यक्तिको प्रयास होइन, किसान, प्राविधिक र स्थानीय सरकारबीचको सामूहिक संकल्प हो। जसले देखाएको छ कि सानो गाउँले सोचले पनि प्रदेश स्तरको उदाहरण बन्न सक्छ।

प्रदेशका बाँकी गाउँपालिकाहरूले भूमेबाट सिक्नुपर्ने समय आएको छ। स्वच्छ कृषि केवल वातावरणीय दायित्व होइन, यो भविष्यको आर्थिक अवसर पनि हो। विश्व बजार जैविक उत्पादनतर्फ आकर्षित भइरहेका बेला, भूमेजस्ता गाउँहरूले जैविक ब्रान्ड निर्माण गर्न सके भने, कृषकको आम्दानी बढ्ने मात्र होइन, गाउँको पहिचान पनि फरक बन्छ। तर, उपलब्धिले जिम्मेवारी पनि बढाउँछ। भूमेले यो पुरस्कारलाई उपलब्धि होइन, नयाँ यात्राको सुरुवातका रूपमा लिनुपर्छ। अझ व्यवस्थित बजार सञ्जाल, उत्पादन प्रमाणीकरण, र ग्रामीण उद्यम प्रवर्द्धनमा लगानी गर्न सके, भूमे स्वच्छ मात्र होइन। समृद्ध गाउँपालिकाको उपाधि पनि लिन सक्छ।

**स्वच्छ कृषि भूमेमा सम्भव भयो भने, लुम्बिनीका सबै गाउँमा किन होइन?**

उत्तर सरल छ। इच्छाशक्ति, योजना, र लगन। भूमेले प्रमाणित गरिसकेको छ कि सच्चा नेतृत्व र जनताको सहकार्य हुँदा, हिमालको टुप्पोमा पनि हरियो क्रान्ति सम्भव हुन्छ।

**प्रकाशक**


भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको
कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# देश भर स्वच्छ कृषि उत्पादनमा भूमे गाउँपालिका उत्कृष्ट



❖ ***बालाराम शेर्पाली***

लुम्बिनी प्रदेशको हिमाली जिल्ला रुकुमपूर्वको भूमे गाउँपालिकाले स्वच्छ कृषि उत्पादनमा उल्लेखनीय उपलब्धि हासिल गर्दै प्रदेशकै पहिलो स्थानीय तहको रूपमा सम्मान प्राप्त गरेको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जारी गरेको पत्रअनुसार लुम्बिनी प्रदेशका १ सय ९ वटा स्थानीय तहमध्ये भूमे गाउँपालिका मात्रै स्वच्छ कृषि उत्पादनमा सम्मानित भएको हो।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
(बजार विकास, आर्थिक विश्लेषण तथा तथ्याङ्क शाखा)
हरिहरभवन, ललितपुर

फोन नं. ५५२१३२३, ५५२४२२६, ५५२१३५६
फ्याक्स: ५५२४२२१
Website: www.doanepal.gov.np
Email: agrimarket.doa@gmail.com

प.सं. २०८२/०८३
च.नं. ९५

मितिः २०८२/०६/२८

विषयः सम्मानपत्र ग्रहण गरिदिनु हुन।

श्रीमान् प्रमुखज्यू, लालीगुराँस नगरपालिका, तेह्रथुम ।
श्रीमान् प्रमुखज्यू, जिरि नगरपालिका, दोलखा ।
श्रीमान् प्रमुखज्यू, बरहथवा नगरपालिका, सर्लाही।
श्रीमान् अध्यक्षज्यू, अजिरकोट गाउँपालिका, गोरखा ।
श्रीमान् अध्यक्षज्यू, भूमे गाउँपालिका, रुकुम पूर्व ।
श्रीमान् अध्यक्षज्यू, सिमीकोट गाउँपालिका, हुम्ला ।
श्रीमान् अध्यक्षज्यू, अपि हिमाल गाउँपालिका, दार्चुला ।

प्रस्तुत विषयमा स्वच्छ कृषि उत्पादन गर्ने महत्वपूर्ण भूमिका निर्वाह गर्ने स्थानीय तहहरुमध्ये तौहा नगरपालिका/गाउँपालिका उत्कृष्ट भई छनौट भएकाले मिति २०८२/०६/३० गतेका दिन बिहान १०:०० बजे ४५ औं विश्व खाद्य दिवसको मूल समारोहमा कृषि विभागको हलमा उपस्थित भई सम्मानपत्र ग्रहण गरिदिनु हुन निर्देशानुसार अनुरोध गर्दछु। साथै कार्यक्रममा आउँदाजाँदाको दैनिक तथा भ्रमण खर्च पनि यसै विभागबाट व्यहोर्ने समेत अनुरोध छ ।

सम्पर्क व्यक्तिको नाम: श्री कलशराम चौधरी, वरिष्ठ कृषि अर्थ विज्ञ, कृषि विभाग, हरिहरभवन ।
सम्पर्क नं: ९८४११६६३९५

कलशराम चौधरी

बोधार्थ:
श्री उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश :- (तौँहाबाट सिफारिस भए बमोजिम ।
श्री भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, मधेश प्रदेश :- (तौँहाबाट सिफारिस भए बमोजिम )
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश :- (तौँहाबाट सिफारिस भए बमोजिम )
श्री कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश:- (तौँहाबाट सिफारिस भए बमोजिम )
श्री कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेश:- (तौँहाबाट सिफारिस भए बमोजिम )
श्री भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश:- (तौँहाबाट सिफारिस भए बमोजिम )
श्री भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, सुदूरपश्चिम प्रदेश:- (तौँहाबाट सिफारिस भए बमोजिम )

भूमे गाउँपालिकाले रासायनिक मल र विषादीको प्रयोग घटाउँदै जैविक खेतीलाई प्राथमिकता दिएको छ। गाउँपालिका भित्रका किसानलाई जैविक मल उत्पादन र प्रयोगका लागि तालिम, प्राविधिक सहयोग र प्रोत्साहन दिइँदै आएको छ।

यसका कारण उत्पादन गुणस्तरीय हुनुका साथै बजारसम्म सहज रूपमा पुग्न थालेको गाउँपालिकाले जनाएको छ। गाउँपालिका अध्यक्ष होम प्रकाश श्रेष्ठका अनुसार यो उपलब्धि किसान, प्राविधिक र स्थानीय सरकारको साझा प्रयासको परिणाम भएको बताउनुभयो। "हाम्रो क्षेत्रलाई स्वच्छ कृषि उत्पादनमा पहिलो बनाउनु केवल पुरस्कार होइन, यो भूमे गाउँपालिकाको प्रतिबद्धताको प्रमाण भएको अध्यक्ष श्रेष्ठले बताउनुभयो।

नागरिक

वर्ष ७ अङ्क १२ २०८२ कार्तिक ०२ आईतबार

# नि:शुल्क आँखा शिविरमा ६७१ जनाले सेवा



❖ *साप्ताहिक संवाददाता*

भूमे गाउँपालिकामा असोज २६ गतेदेखि सुरु भएको नि:शुल्क आँखा स्वास्थ्य शिविर निरन्तर सञ्चालन भइरहेको छ। गाउँपालिकाका बस्ती – बस्तीमा पुगेर आँखा स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यका साथ सुरु गरिएको यो अभियानलाई स्थानीयवासीले विशेष महत्त्वका साथ लिएका छन्। गाउँपालिकाको आयोजनामा, नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठान तथा तिलगंगा सर्जिकल सामुदायिक आँखा केन्द्र लिवाङ (रोल्पा) को सहआयोजनामा, र नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा रोल्पाको समन्वयमा शिविर सञ्चालन भइरहेको हो। शिविर आगामी कार्तिक १७ गतेसम्म निरन्तर चल्ने कार्यक्रम रहेको स्वास्थ्य शाखाले जनाएको छ।

## ९ वटै वडामा सेवा पुऱ्याउने लक्ष्य

शिविरमार्फत गाउँपालिकाका सबै ९ वटै वडाका बस्तीहरूमा पुगेर नि:शुल्क आँखा परीक्षण, मोतिबिन्दु रोगी छनोट, औषधि वितरण, चश्मा परीक्षण तथा उपचार सेवा प्रदान गर्ने लक्ष्य लिइएको हो।

पहिलो चरणमा वडा नं. १ देखि ७ सम्मका बस्तीहरूमा शिविर सम्पन्न भइसकेको छ। वडा नं. १ लुगुममा ४८ जना महिला र ६४ जना पुरुष गरी ११२ जनाले सेवा लिएका छन्। तीमध्ये १७ जना (महिला ९, पुरुष ८) मोतिबिन्दु अपरेशनका लागि छनोट भएका छन् भने ३४ जनाले चश्मा परीक्षण गराएका छन्।

त्यस्तै वडा नं. २ काक्रीमा ९९ जनाले सेवा लिएका छन्। तीमध्ये ९ जना मोतिबिन्दुका बिरामी छनोट भएका छन् भने २५ जनाले चश्मा परीक्षण गराएका छन्। वडा नं. ३ सिमामा १०६ जनाले आँखा परीक्षण गराएका छन्। तीमध्ये ११ जना महिला र ९ जना पुरुष गरी २० जना मोतिबिन्दु अपरेशनका लागि छनोट भएका छन् भने ३३ जनाले चश्मा परीक्षण सेवा लिएका छन्। वडा नं. ४ र ५ मा संयुक्तरूपमा १३४ जनाले आँखा परीक्षण सेवा लिएका छन्। तीमध्ये १४ जना (महिला ७, पुरुष ७) मोतिबिन्दुका बिरामी छनोट भएका छन् भने ७१ जनाले चश्मा परीक्षण गराएका छन्। वडा नं. ६ महतमा ११३ जनाले सेवा लिएका छन्। १४

जना महिला र २२ जना पुरुष गरी ३६ जना मोतिबिन्दु अपरेशनका लागि छनोट भएका छन् भने ९ जनाले चश्मा परीक्षण गराएका छन्।वडा नं. ७ धर्मशालामा १०७ जनाले सेवा लिएका छन्।तीमध्ये ४८ जनाले चश्मा परीक्षण सेवा लिएका छन्।

## छठ पर्वपछि बाँकी वडामा सेवा

स्वास्थ्य शाखाका अनुसार बाँकी रहेका वडा नं. ८ र ९ मा छठ पर्व सकिए लगत्तै आँखा स्वास्थ्य शिविर सुरु गरिने तयारी गरिएको छ।स्वास्थ्य शाखा प्रमुखका अनुसार गाउँका दुर्गम बस्तीहरूमा पुगेर स्थानीयलाई आँखा उपचार सेवा दिनु नै शिविरको प्रमुख उद्देश्य हो।

शिविरमा सहभागी स्थानीयवासीले निःशुल्क सेवा पाएपछि खुसी व्यक्त गरेका छन्।लामो समयदेखि आँखाको समस्या भएर अस्पताल पुग्न नसकेका बुढापाकाहरू, दैनिकीमा असर पार्ने मोतिबिन्दुका बिरामी, र आर्थिक अभावले चश्मा किन्न नसक्ने ग्रामीणहरूका लागि यो शिविर “आशीर्वाद” साबित भएको स्थानीयले बताएका छन्।भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले शिविरलाई स्वास्थ्य सेवामा गाउँपालिकाको प्राथमिकता रहेको बताउनुभयो।“आँखा स्वास्थ्यलाई गाउँमै पुर्‍याएर ग्रामीण जनतामा चेतना जगाउनु र उपचार उपलब्ध गराउनु हाम्रो प्रमुख लक्ष्य हो,” अध्यक्षले भन्नुभयो।

## लगातार सेवा, आगामी चरणमा अपरेशन

शिविरमा छनोट गरिएका मोतिबिन्दुका बिरामीलाई कार्तिक १९ र २० गते रोल्पाको थवाङमा निःशुल्क अपरेशन गरिने तयारी गरिएको छ।स्वास्थ्य शाखाका अनुसार, शिविर सकिँदासम्म हजारौंले सेवा लिने अपेक्षा गरिएको छ।गाउँपालिकाले आगामी वर्षहरूमा पनि यस्ता स्वास्थ्य शिविरलाई नियमित कार्यक्रमका रूपमा लैजाने प्रतिबद्धता जनाएको छ।स्थानीयवासीले गाउँमै निःशुल्क आँखा उपचार सेवा पाएकोमा खुसी व्यक्त गर्दै गाउँपालिकाको स्वास्थ्य पहलप्रति धन्यवाद दिएका छन्।वृद्धवृद्धा तथा दुर्गम बस्तीका बासिन्दाले लामो यात्रा नगरी गाउँमै गुणस्तरीय आँखा सेवा पाउनु महत्वपूर्ण उपलब्धि भएको बताएका छन्।



समाचार

वर्ष ७ अङ्क १२ २०८२ कार्तिक ०२ आईतबार

# देशभर सातौं स्थानमा रुकुम पूर्वी भाग प्रशासन

पर्वत जिल्ला पहिलो, भक्तपुर दोस्रो र नुवाकोट तेस्रो स्थानमा परेका छन्।रुकुमपूर्वमा आगामी वर्ष झन् उत्कृष्ट स्थान हासिल गर्ने लक्ष्य लिईएको छा।स्थानीयवासी र जनप्रतिनिधिहरूले यस उपलब्धिलाई गौरवको रूपमा लिएका छन्।




लुम्बिनी प्रदेशको हिमाली क्षेत्र मानिने रुकुमपूर्वको जिल्ला प्रशासन कार्यालय रुकुम (पूर्वी भाग) गृह मन्त्रालयको मूल्याङ्कनमा देशभरका ७७ जिल्लामध्ये सातौं स्थानमा पर्न सफल भएको छ। मन्त्रालयले आर्थिक वर्ष २०८१/८२ को जिल्ला श्रेणी तालिका सार्वजनिक गरेको हो। मन्त्रालयले प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समिति तथा प्रशासनिक कार्य सम्पादनलगायतका सूचकका आधारमा मूल्याङ्कन गरेको थियो। रुकुम पूर्वले ९५ दशमलव ०५५८ प्रतिशत अंक प्राप्त गरी सातौं स्थान हासिल गरेको हो।

पर्वत जिल्ला ९५ दशमलव ७१२५ प्रतिशत अंकसहित पहिलो, भक्तपुर ९५ दशमलव ४६७५ प्रतिशतसहित दोस्रो, नुवाकोट ९५ दशमलव ३६८३ प्रतिशतसहित तेस्रो, मनाङ चौथो, धनकुटा पाँचौं र पाल्पा छैटौं स्थानमा परेका छन्। जिल्ला प्रशासन कार्यालय रुकुम पूर्वका सहायक प्रमुख जिल्ला अधिकारी जीवन कुमार खड्काका अनुसार यो उपलब्धिले जिल्लाको प्रशासनिक कार्यक्षमता, सेवा वितरण र सहकार्य स्तरमा उल्लेखनीय सुधार भएको संकेत गर्दछ। "जिल्ला समन्वय समिति, स्थानीय तह र सरकारी कार्यालयबीचको सहकार्यले यो सफलता सम्भव भएको खड्काले जानकार दिनुभयो। मुख जिल्ला अधिकारी सीता परियारले रुकुम पूर्वले पाएको यो स्थानलाई गर्वको विषय भएको बताउनुभयो। उहाँले भन्नुभयो "हाम्रो टोलीको प्रतिबद्धता, जनतालाई समयमै सेवा दिने प्रयास र सहकार्यकै कारण सातौं स्थानमा पुग्न सक्यौं। आगामी वर्षमा अझ उत्कृष्ट स्थान हासिल गर्ने लक्ष्य छ। गृह मन्त्रालयका सचिव र प्रजिअबीचमा कार्यसम्पादन सम्झौता हुन्छ। यसमा ५ वटा सूचकहरू रहेका हुन्छन्। शासकीय प्रवन्ध, लागुऔषध नियन्त्रण ,विपद जोखिम न्यूनीकरण तथा व्यवश्थापन, मुअब्जा वितरण तथा विकास सहजीकरण शान्ति सुरक्षा लगायतको विषयमा गृह मन्त्रालले मुल्याङ्कण गर्ने प्रजिअ परियारले बताउनुभयो। रुकुम पूर्वका स्थानीयवासी, जनप्रतिनिधि र सरकारी निकायहरूले यस उपलब्धिलाई गौरवका रूपमा लिएका छन्।

वर्ष ७ अङ्क १२ २०८२ कार्तिक ०२ आईतबार

# स्वास्थ्य सेवा सुधारका लागि वार्षिक समीक्षा



❖ ***साप्ताहिक संवाददाता***

रुकुमपूर्व। स्वास्थ्य सेवा प्रवाहलाई सुदृढ बनाउने उद्देश्यका साथ स्वास्थ्य कार्यालय रुकुमपूर्वले असोज २९ र ३० गते दुई दिने वार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा जिल्लाभर सञ्चालन गरिएका स्वास्थ्य गतिविधि, नागरिकले पाएका सेवाहरू तथा आगामी वर्षका प्राथमिकताबारे विस्तृत समीक्षा गरिएको छ। रुकुमपूर्वका तीनवटै गाउँपालिका भूमे, पुथा उत्तरगंगा र सिस्ने गाउँपालिकाको स्वास्थ्यकर्मी, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजका अगुवा, पत्रकार, युवा बुद्धिजीवी, समाजसेवी तथा सरोकारवाला निकायका प्रतिनिधिहरूको उपस्थिति कार्यक्रममा रहेको स्वास्थ्य कार्यालयले जनाएको छ। कार्यक्रमका प्रमुख अतिथि तथा जिल्ला समन्वय समितिका प्रमुख मेघबहादुर श्रेष्ठले भौगोलिक विकटता र अशिक्षाका कारण जिल्लामा स्वास्थ्य सेवा विस्तार चुनौतीपूर्ण रहेको बताए। यद्यपि, स्वास्थ्यकर्मी र सरोकारवालाको सक्रियताले सेवा प्रवाहलाई सहज बनाएको भन्दै उनले सबै सरोकारवालाप्रति आभार व्यक्त गरेका छन्। श्रेष्ठले गर्भवती महिलाको नियमित स्वास्थ्य परीक्षण र जनचेतना कार्यक्रमलाई अझ प्रभावकारी बनाउन निर्देशन दिए। साथै, तीनवटै गाउँपालिकाले शिक्षा तथा स्वास्थ्य क्षेत्रमा प्राथमिकता दिएको उल्लेख गर्दै संस्थागत समन्वयलाई बलियो बनाउनुपर्नेमा जोड दिएको बताए।

नेकपा (एस) का केन्द्रीय सल्लाहकार तिकाराम उपाध्यायले रुकुमपूर्व जस्तो हिमाली जिल्लामा पनि स्वास्थ्य क्षेत्रमा नियमित सेवा प्रवाह भइरहेको भन्दै स्वास्थ्यकर्मी र सरोकारवालाप्रति धन्यवाद ज्ञापन गरे। उनले अपेक्षित गुणस्तरको स्वास्थ्य सेवा अझै

पुरा नहुने अवस्था रहेको उल्लेख गर्दै सुधारका लागि निरन्तर प्रयास आवश्यक रहेको बताए। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रतिनिधि सन्देश पौडेलले नेपाल सरकारका स्वास्थ्य कार्यक्रमहरूलाई व्यापक बनाउँदै लुम्बिनी प्रदेश सरकारले मातृ मृत्युदर घटाउने प्राथमिकता लिएको जानकारी दिए। रुकुमपूर्व भौगोलिक रूपमा विकट र हिमाली जिल्ला भएकाले विशेष प्राथमिकता दिइएको उल्लेख गर्दै उनले मन्त्रालय तहबाट समस्या समाधानका पहल भइरहेको बताए। पौडेलले "भाषण र प्रतिबद्धता पर्याप्त भए पनि व्यवहारिक सुधार अझै अपेक्षित स्तरमा पुगेको छैन," भन्दै नागरिकले भरपर्दो स्वास्थ्य सेवा पाउन अझै समय लाग्ने जनाए।

रुकुमपूर्व अस्पतालका निमित्त सुपरिन्टेन्डेन्ट डा. कृष्ण खरालले अस्पतालले गल्ती र कमजोरी सच्याउँदै नागरिकलाई गुणस्तरीय सेवा दिन प्रतिबद्ध रहेको बताए। संघ संस्था तथा सरकारसँग सहकार्य गर्दै सेवा प्रवाहमा सुधार ल्याइरहेको उल्लेख गर्दै उनले नागरिकका गुनासाहरूलाई समाधान गर्न अस्पताल तत्पर रहेको जनाए। नेपाल पत्रकार महासंघ रुकुमपूर्वका अध्यक्ष बशन्त बाँठा मगरले जिल्लाका सक्रिय मिडियाले स्वास्थ्य क्षेत्रमा पुऱ्याएको योगदानको प्रशंसा गरे। उनले विभिन्न सरकारी निकायले मिडियाप्रति फरक दृष्टिकोण राखे गरेको उल्लेख गर्दै राज्य – मिडिया सहकार्यलाई सुदृढ बनाउनु पर्नेमा जोड दिए। मिडियाले जनचेतना अभिवृद्धिमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको पनि उनले औंल्याएका छन्। स्वास्थ्य कार्यालय रुकुमपूर्वले समीक्षा कार्यक्रममा तीनवटै गाउँपालिकाका उत्कृष्ट स्वास्थ्यकर्मीलाई सम्मान गरेको छ। उत्कृष्ट कार्यसम्पादन गरी स्वास्थ्य सेवामा योगदान पुऱ्याउने स्वास्थ्यकर्मीलाई प्रमाणपत्र र सम्मानपत्र प्रदान गरिएको हो। कार्यक्रमको समापन गर्दै स्वास्थ्य कार्यालय रुकुमपूर्वका प्रमुख पशुपति आचार्यले जिल्लाको स्वास्थ्य सेवा अझ गुणस्तरीय र जनमुखी बनाउन कार्यालय निरन्तर सक्रिय रहेको बताए। आगामी वर्ष योजनाबद्ध रूपमा स्वास्थ्य कार्यक्रमहरूलाई गाउँ–गाउँमा पु¥याइने उनले जानकारी दिए।

# आँखाको स्वास्थ्यबारे गाउँमा चेतनाको अभाव छ

❖ ***नेत्र सहायक मनिषा बुढामगर***

भूमे गाउँपालिकामा हालै सम्पन्न निःशुल्क आँखा स्वास्थ्य शिविरमा उल्लेख्य संख्यामा सर्वसाधारणले सहभागिता जनाएका छन्।स्थानीय नागरिकलाई लक्ष्यित गरी सञ्चालन गरिएको शिविरमा जम्मा ६७१ जनाले आँखा परीक्षण तथा परामर्श सेवा लिएका थिए।तीमध्ये उल्लेख्य संख्यामा बिरामी मोतियाबिन्दु शल्यक्रियाका लागि छनोट भएका छन्।शिविरमा आएका बिरामीहरूको स्वास्थ्य परीक्षणका क्रममा प्रायः सबै उमेर समूहका सेवाग्राहीमा दृष्टिदोष लगायत विभिन्न प्रकारका आँखासम्बन्धी समस्या देखिएको छ।उमेर वृद्धि, आँखाको स्वास्थ्यबारे सीमित जानकारी, उपचारका लागि आर्थिक अभाव, तथा धुलो–धुवाँयुक्त जीवनशैली यस्ता समस्याका मुख्य कारण रहेको देखिन्छ।

समुदायमा आँखाको नियमित परीक्षण गराउने बानी अझै बस्न सकेको छैन।धेरैजसो बिरामीले दृष्टि धुम्मिनु वा समस्या गम्भीर भएपछि मात्र उपचारका लागि आउँछन्।यसले गर्दा मोतियाबिन्दु वा अन्य रोगहरू ढिलो पत्ता लाग्छन्, जसको असर दृष्टि गुमाउनेसम्म पुग्न सक्छ।शिविरले उपचारका साथै जनचेतनाको क्षेत्रमा समेत सकारात्मक प्रभाव पारेको छ। यस्ता स्वास्थ्य शिविरलाई निरन्तरता दिनुका साथै विद्यालय र समुदायस्तरमै आँखाको स्वास्थ्य शिक्षालाई समावेश गर्नु अत्यावश्यक देखिन्छ।

# फलफुल टिप्ने, ग्रेडिङ्, प्याकेजिङ, भण्डारण र बजार व्यवस्थापन



❖ ***डिल्लीराज पौडेल***

**फलफूल टिप्ने काम :** फलफूल टीप्दा, टिप्ने समय ध्यान पुर्याउनु पर्ने यो एउटा महत्वपूर्ण पक्ष हो।कुन फलफूल कहिले टिप्ने भन्ने कुरा फलफूलको किसिम र जातमा फरक पर्दछ। उदाहरणार्थ स्याउ, सुन्तला, आरु, आरुवखडा, खुर्पानी, आदि फल पाकेको अवस्थामा टिप्नु पर्दछ। आंप, कागती, नास्पती, केरा, आदि छिप्पीएको अवस्थामा टिप्नु पर्दछ।फल टिप्ने समय थाहा पाउनको लागी निम्न उल्लेखित तरिका प्रयोग गर्न सकिन्छ।क) अवलोकन गरेरः फलको रंग साईज र आकार अवलोकन गरेर टिप्ने समय भए नभएको एकिन गर्न सकिन्छ।ख) छोएरः फललाई छोएर नरम अथवा कडापनको अनुभब गरेर टिप्ने समय यकिन गर्न सकिन्छ।जस्तै रुखकटहर र आंप।ग) **सुघेरः** फललाई वास्नाको आधारमा टिप्ने समय एकिन गर्न सकिन्छ।जस्तै भुई कटहर।घ) **चाखेरः** फललाई चाखेर गुलियो, अमिलो स्वादको आधारमा टिप्ने समय एकिन गर्न सकिन्छ।फलफूलको किसिम, जात र प्रयोग गरिने भागले वाली लिने समयमा असर पार्दछ।उत्पादन थलो, बजारको दुरी र तापक्रमले फल टिप्ने समयलाई असर पार्दछ।जस्तै उत्पादन थलोवाट बजार टाढा छ।भने फलहरु छिप्पीएको अवस्थामा टिपिन्छ।

यदि बजार नजिक भएमा फलहरु पाकेपछि टिपेर राम्रो अवस्थामा बजार पुऱ्याउन सकिन्छ।अतः बजार टाढा भएमा पाक्नु भन्दा केहि दिन अगाडी र बजार नजिक भएमा पाकेपछि फलहरु टिप्नु पर्दछ।फलफूल साधारण तया दुई तरिकाले टिपिन्छ। पहिलो तरिकामा हातको प्रयोग हुन्छ भने दोस्रो तरिकामा मेसिनको प्रयोग गरिन्छ।नेपालमा अधिकांस फलफूल हातको प्रयोगबाट नै टिपिन्छ।तर सहि तरिकाले टिपिदैन।साधारणतया रुखका फलहरु टिप्दा हाँगा हल्लाएर वा झटारो हानेर टिपिन्छ।यो गलत तरिका हो।अतः फलफूल टिप्दा निम्न कुराहरुमा ध्यान दिनु अति आवश्यक हुन्छ।

- ❖ फलफूल टिप्ने कैंचीको टुप्पा माथी फर्केको हुनु पर्दछ।
- ❖ फलफूलको भेट्नो लामो राख्न हुदैन।

**बाली टिपेपछि कृषकले गर्नु पर्ने कार्यहरुः** नेपालमा फलफूल टिपेपछि पहाड तीर डोकोमा र तराई तीर टोकरी, बोरा वा खुला रुपमा राखी नजीकको बजारमा बीक्री गर्न लैजाने चलन छ। टिप्नासाथ कसै कसैले डोको वा टोकरीमा राख्नु भन्दा पूर्व बारीमा वा घरको आँगनमा त्यसै थुपारेर राख्ने पनि चलन छ।डोको वा टोकरीमा राख्दा पनि भित्र केहि नराखी सिंधै फलफूल राखीने हुँदा डोको र टोकरीमा खस्रो भागमा फलफूल खाँदीन गई चोटपटक लाग्दछ।अर्को नराम्रो पक्ष के हो भने जथाभावि फलफूलहरु डोको, टोकरी वा बोरामा राख्दा एउटा फलको भेट्नाले अर्को फललाई चोट पटक लगाई रहेको हुन्छ।बजारमा लगेपछि पनि तुरुन्त बीक्रि भएन भने गुणस्तरमा नकारात्मक प्रभाब पारेको हुन्छ।अतः फलफूल बजारमा विक्री गर्नु भन्दा अगाडी ग्रेडिङ गर्नु अत्यावश्यक हुन्छ।

**ग्रेडिङ गर्ने :** फलफूल ग्रेडिङ भन्नाले साईज, आकार र स्वादले तौलमा एक रुपता भएका फलहरु अलग अलग समूहमा छनौट गरी बर्गिकृत गर्नु हो।फलको किसिम र जात अनुसार विभिन्न देशमा विभिन्न आधारहरु तय गरि आफै चल्ने मशिन देखि हातले चलाउने मेशिनहरुको मद्धतले बजार पुर्याउनु अघि फलको साईज र तौल अनुसार ग्रेड छुट्याउने गरिन्छ।तर हाम्रो देशमा फलफूल ग्रेडिङ गरी बेच्ने चलन अहिले सम्म त्यति व्यवस्थित रुपमा चलेको छैन।त्यसैले उपभोक्ताहरुले पनि यस्ता बेजात, बेसाईज र बेरङ्गका फलहरु देख्दा गुणस्तर यूक्त फल नमानी कम दाममा किन्न चाहन्छन्।यदि एउटै साईज, रङ्ग, रुप, (आकार) र स्वादको फल पाईएमा उपभोक्ताहरु आकर्षित भई वढी मोल तीरी लैजान ईच्छुक हुन्छन्।विकसित शहरका केही फलफूल स्टलमा खुद्रा व्यापारीहरुले जात जात अनुसार ठुला, मध्यम र साना साईजका गरी राम्ररी पाकेको, अर्ध पाकेको र हरियो फलहरु बाकस बाकसमा छुट्याएर राखी बेच्ने गर्दछन्।

**ग्रेडिङ्गका तरिकाहरु**

- ❖ आँखाले हेरेर, अति ठुलो, मध्यम, सानो र अति सानो साईज फल छुट्टाउने गरिन्छ।
- ❖ रङ्ग चढेको फलको आधारमा पनि पुरै सतप्रतिसत पहेंलो, ७५ प्रतिशत पहेंलो, ५० प्रतिशत पहेंलो, २५ प्रतिशत पहेंलो र हरियो गरेर ग्रेडिङ गरिन्छ।
- ❖ फल खाएर स्वादको आधारमा अति मिठो (गुलियो) मिठो, (गुलीयो), अमिलो, धेरै अमिलो फल ग्रेडिङ गरिन्छ।
- ❖ सफा वा कुनै दाग र चोट नभएको फल, अलि अलि दाग र चोट भएको फल, धेरै दाग र चोट भएको फल छुट्याएर पनि ग्रेडिङ गरिन्छ।

**प्याकेजिङ्ग गर्नेः** प्याकिङ विभिन्न साईजका फल ग्रेडिङ गरी छुट्याई सकेपछि ती फलहरुलाई बिभिन्न वस्तु (काठ, बांस, प्लाष्टिक, कागज आदी) ले बनेका भांडाहरु, कार्टुन, बाकस, डोको, टोकरी, प्लास्टीक क्रेट, आदिमा राखी प्याक गरी खुल्ला वा वन्द किसिमले बजारमा पठाईन्छ।ताजा फलफूल सजिलो

र छिटो छरितो ढंगले बजारमा लगी बेच विखन गर्न प्याकेजिङले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। यस वाहेक ताजा अवस्थामा धेरै दिनको वाटोमा फललाई बजार पुर्याई उपभोक्ताहरुलाई उपलव्ध गराउन ढुवानी, हैण्डलिङ गर्दा हुने नोक्सानीबाट बचाउन र सजिलो पार्नमा समेत प्याकेजिङले ठूलो योगदान पुर्याउंछ। यसले फल भण्डारणमा राख्न पनि सजिलो वनाई दिन्छ। लामो समय सम्म फलको गुणस्तर ताजापन, स्वाद, कायम राख्न र बजारबाट उपभोक्ताले फल खरिद गरी लैजानमा समेत प्याकेजिङले सजिलो तुल्याई दिन्छ। प्याकेजिङ गर्दा यसको बाहिर पट्टि फलको नाम, फलको किसिम, जात, तौल, संख्या, प्याकिङ मिति, ठाउंको नाम, कहां उत्पादन भएको, उपभोग गर्न सकिने मिति, कहाँको लागी पठाउन प्याकिङ गरिएको आदि उल्लेख हुनु पर्दछ।

**भण्डारण गर्नेः** फलफूल टिपी सकेपछि छिट्टै नासिने कृषि जन्य वस्तु हुनाले यसलाई साधारण कोठामा २० डिग्री सेल्सीयस तापक्रम भन्दा कम तापक्रममा लामो अवधि सम्मको लागी भण्डारण गरी राख्न सकिन्छ। यस अवस्थामा भण्डारण गरिएको फलफूलहरु छिट्टै खराब भइ बिग्रने, कुहिने, चाउरिने, स्वाद घट्ने, बासी देखिने, ताजापन घटने र अन्य गुणहरु घटदै जाने हुँदा उपभोक्ताहरुले मन नपराउने भइ बजारमा लैजाँदा फलको मोल राम्रो पाइदैन र नोक्सान हुने गर्दछ। तसर्थ उचीत भण्डारणको प्रविधि विकास र व्यवस्था गर्नुपर्ने अति जरुरी हुन्छ। हाल बिद्यमान अबस्थामा बिषेश गरी कोल्ड स्टोर, सेलार स्टोर, कुल च्याम्बर तथा स्थानिय स्तरमा केहि समय सम्म भण्डार गर्ने प्रचलन बढेको छ। कोल्ड स्टोरको लागी बिद्युत आबश्यक पर्दछ भने, सेलार स्टोर र कुल च्याम्बरको लागी बिद्युतको आवश्यक्ता पर्दैन। आजभोली कृषक स्तरमा फलफूल भण्डारण गर्नको लागी सेलार स्टोर निकै लोक प्रीय हुँदै गएको देखिन्छ। यस प्रबिधिमा ओरालो खालको केहि छायाँ परेको र सम्भबत उच्च ठाउँको छनौट गरिन्छ। यसमा सुरुङ्ग स्टाईलले खन्ने काम गरिन्छ। खन्ने कार्य पुरा भएपछि चारै तीर ढुङ्गा, माटो वा ढुङ्गा, बालुवा सिमेन्टको सहायताले बिचमा २,३ इन्च खाली हुने गरी दिवाल बनाईन्छ। दिवाल बनाउंदा दुबै दिवालको बीचमा खाली भागमा बालुवा भर्नको लागी राखिएको हुन्छ। दिवाल पुरा भएपछि ठाउं ठाउंमा प्वाल पारिएको पानीको पाईप लाईन बिछ्याउने काम गरिन्छ। यसमा सुरुङ्गमा प्रबेस गर्नको लागी मुल ढोकाको व्यबस्था गरिएको हुन्छ भने सुरुङ्ग भित्र फलफूल, तरकारी भण्डार गर्नको लागी तखताको पनि व्यबस्था गरिएको हुन्छ। त्यसैगरी कुल च्याम्बर वा शुन्य शक्ती भण्डार निर्माण गर्नको लागी बालुवा र ईट्टाको जरुरत पर्ने हुन्छ। यस प्रविधिमा पानी नजम्ने ओभानो ठाउँ उपयूक्त हुन्छ। चारैतिर ईट्टाको ४ फिट लम्बाई, ३ फिट चौडाई र २.५ फिट उचाई हुनेगरी एक सल वा ४ इन्चको गारो लगाउनु पर्दछ भने त्यस्को भित्र पट्टी ४ इन्च बालुवा भर्नको लागी ठाउँ (ग्याप) राखी पुन अर्को ४ ईन्चको गारा अगाडीको सलमा आउने गरी लगाउनु पर्दछ। यसरी दोहोरो गारो लगाई सकेपछि दुई गारोको बीचमा मसिनो बालुवा भरी बालुवा चिसो हुने गरी पानी भरी दिनु पर्दछ। यो काम पुरा भएपछि भित्र भुईमा काठको फल्याक बिछयाई फलफूल, तरकारी भण्डार गर्ने र माथी

ढाक्नको लागी फलामे वा काठको चौकोस बनाई त्यसमाथी भिजाएको सफा बोराले ढाकी दिनु पर्दछ। यसरी निर्माण गर्दा अनुमानित तापक्रम ७–११ डि.से हुन जान्छ जुन तापक्रममा २ देखि ३ हप्ता ताजा तरकारी वा फलफूल सजिलै राख्न सकिन्छ। बालुवामा तथा बोरामा समय समयमा चिस्यान हेरी पानी दिई रहनु अनिबार्य हुन्छस्थानिय तरिकामा खाडल खनी बालुवा भरिन्छ र फलफूल एक अर्कोले नछुने गरी बालुवामा गाडेर राख्ने प्रचलन गाउँ घरमा कृषकहरुले गरी रहेको पाईन्छ।

## उचीत भण्डारणका फाइदाहरु:

- मुख्य एक मौसम। सिजनमा मात्र उपलव्ध हुने फल अर्को सिजन मौसममा पनि ताजा अवस्थामा रहन्छ।
- सीजनको बेला ठुला परिमाणमा एकै पटक थोरै समयमा पनि बजारमा उपलव्ध हुँदा उपभोक्ताहरुले लामो समय सम्म सोही फल उपभोग गर्न पाउंछन्।
- सबै उत्पादकहरुले एकैपटक फल बजारमा लैजाँदा फलको बजार भाउ सस्तो भई कृषकहरुले राम्रो मुल्य पाउन सक्दैनन।
- अन्य फाईदाहरुमा फलको गुणस्तर संरक्षण हुने, फलको आयू लम्बीन सक्ने, आयात प्रतिस्थापन हुन जाने, उत्पादन बृद्धि गर्न हयोग पुग्ने, रोजगारी हुने, बजार भाउ धेरै घटबढ हुन नपाउने आदि फाइदाहरु हुन सक्दछन्।

**बजार व्यवस्थापनः** जब कृषकहरुले आफनो उत्पादन नजिकको बजार, थोक विक्रेता वा संकलन केन्द्रमा लगी व्यापारीहरुलाई विक्री गर्दछन्। तत्पश्चात गर्नु पर्ने कार्यहरु पनि स्वतः व्यापारी वर्गहरुमा पर्दछ। नेपालका फलफूल बजारका मुख्य कारोबारकर्ता नै व्यापारी भएकोले उनीहरुको ज्ञान र कृयाकलापले फलफूलको गुणस्तरमा ठूलो असर पार्दछ। अर्को महत्वपूर्ण पक्षमा हाट बजार तथा संकलन केन्द्रमा फलफूल सिंधै कृषकवाट प्राप्त हुने भएकोले ताजा अवस्थामा हुन्छन्। यो अवस्थामा राम्रो संग ध्यान दिन सकेमा मात्र पनि उपभोक्ता सम्म फलफूल पुग्दा गुणस्तर त्यति बिग्रेको हुदैन। तसर्थ कृषक तथा व्यापारी यी दुवै पक्षले निम्न कुराहरुमा ध्यान दिनु पर्ने अति जरुरी हुन्छ।

**छनौट** : कृषकहरुवाट फलफूल खरिद हुना साथ राम्रा, नराम्रा, ठुला, साना, दाग लागेका, नलागेका अलि अलि चोट लागेका, नलागेका आदि छुटयाउनु पर्दछ। **सरसफाईः** छनौट पश्चात फललाई सफा कपडाले पुछने वा पानीले धोई ओभाउनु पर्दछ अनि मात्र प्याकिङ गर्नु राम्रो हुन्छ। उपचार फलहरुलाई मैनले उपचार गरी प्याकीङ गरेमा लामो अवधी सम्म ताजा वस्थामा राख्न सकिन्छ। **प्याकिङ** : संकलन केन्द्रहरुमा माथि उल्लेख गरे अनुसार छनौट तथा अन्य उपचार गरी प्याकिङ गरेमा फलफूल थोक बजारमा पुग्दा कमै क्षति हुन्छ र गुणस्तर पनि कायम रहन्छ। तर प्याकिङ ठीक तथा सहि तरिकाले गरिएको हुनु पर्दछ।

***लेखक : एकीकृत पशु पन्छि विकास कार्यालय रुकुमपूर्वमा कार्यरत हुनुहुन्छ।***

# तिहार सांस्कृतिक अर्थ



● तेजेश्वरबाबु ग्वंग: संकृतिविद्

तिहारै त हो।रंगीचंगी नै रहन्छ।रङहरूका टीका रंगीचंगी ।उमंगहरूका तराना रङबिरंगी। मौसमी फूलहरू लटरम्म भुक्कभुक्क झकझकिएका हुन्छन्, बारीबगैंचा प्रकृतिका उपहार रसदार फल दानाहरूमा।मस्तमस्त चिरबिराउँछन्, चराचुरुंगी आफ्नै तानामा।जुनकिरीहरू जगमगाइरहेकै हुन्छन् हावामा।प्राकृतिक देन र छटा तिहारको मेला।यसरी मनलाई चुलबुलाइदिन्छ यो कात्तिके पिङको वेला भित्रभित्रै मस्तमस्त मन चुलबुलाउँछ।बाहिर ठाउँठाउँमा हुत्तिँदै हुरिँदै पिङ सलबलाइरहेको हुन्छ।मलाई नि हुर्रियूँ–हुर्रियूँ लाग्न थाल्छ नातिनातिनाका दौँतरीकै लाम लागेर।आऊ एक फेरा उचालियौँ, यो धर्तीको सतहमाथि डोलेर डोलायमान।यो मस्तीको मौसम रसबरी चमचम।मौसमी चाड यो ऋतुको वरदान।ऋतु प्रकृतिको स्थलगत वातावरणीय वरदान।ऋतु ज्ञानकै आधारमा निर्मित छन्, यो मौसमी तिहार चाड।यो फलहरूको चाड।यो फूलहरूको चाड।यो प्रत्येक सालका बालिनाली र फसलबाट बनाइने परिकारका स्वादिलो चाड।फलका मगमगाउँदो सुवासको चाड।यो सुगन्धमय सुन्दर फूलहरूको महकका बास्नादार चाड।दसैँपछिको सानदार उत्सव यो पञ्चरंगी जीवन दर्शन संस्कारमा झुलाउने चाड।पञ्चरंगी जीवन दर्शन भनेछु।जल, वायु, तेज, माटो र आकाश (इबर) जीवनका पञ्चतत्व जगत्ले अनुभूत गरेका अहम् तत्व रहे।पञ्चरंगी जीवनका आधारभूत मूल तत्व नै बने।विश्वव्यापी मान्यता यो।पूर्व, पश्चिम, उत्तर, दक्षिण चारैतिरबाट आत्मसात् गरिएका मूल्य रहे।तिहारले अँगालेका मूलका पञ्चरंगी तत्व लोकाचारमा आधारित छन् ।जीव जगत्का आपसी सहअस्तित्व जगाउने मान्यता यो चाडको मर्म रहेको छ।चाडमा परिपालन गरिने संस्कार यसका मार्मिक रीतिरिवाज अनुभूत गर्छु।चाडका संस्कार कोरा रीति मात्र होइनन् ।यसभित्र जीव–जगत् सन्तुलन कायम राख्नुपर्ने मन्त्र निहित छन् ।जीव–जगत्बिचको सन्तुलन भन्नु जीवहरू र संसारबिचको सन्तुलन कायम राख्नुपर्ने तत्वबोध भन्छु म। अनेक जीव एक–आपसमा निर्भर छन् । आपसी निर्भरतामै त सन्तुलन कायम रहन्छ । आपसी निर्भरताले वातावरणीय सन्तुलन तराजुमा जोखिएको हुन्छ।तराजुमा जोख्नुको तात्पर्य सन्तुलन गर्नु हो ।चरा, पशु र मानिसबिच सम्बन्ध त छन् नै।काग त स्वतन्त्र पक्षी भएर पनि मानिस नजिक रहन सक्ने प्राणी भए ।स्वतन्त्र रहेर पनि मानिसका बस्तीवरपर बसोवास

गर्ने प्राणी काग चरा रहेका छन् ।समदूरी सन्तुलनका पूर्वाधार बन्छ ।कागपूजाको अन्तर अर्थबोधले मलाई प्रकृति संरक्षण गर्नुपर्ने ज्ञान झल्काइदिन्छ ।प्रत्येक चाडपर्वमा पालन गरिने एक–एक संस्कार मेरा निमित्त सांस्कृतिक ग्रन्थका सिद्धान्तका प्रयोगात्मक रूप अलङ्कार बनिरहेको हुन्छ। आफ्नै आँखाका द्वार प्रयोग गरेर म मैरै विवेक ब्रह्मसम्म यात्रा भर्ने जमर्को गरिरहेको हुन्छु, यस चाडमा।हामी कुकुर तिहार मनाउँछौं।कुकुरले घरको रखबारी गर्छन्।अपरिचित बाहिरी जीवलाई प्रवेश निषेधको आज्ञा दिन्छन्, बेसरी भुकेर हाऊँ हाऊँ।आफ्नो संसर्गमा रहेकालाई माया दिन्छन्।उनको त्यो माया पुच्छर हल्लाइमा व्यक्तिरहन्छ।उनको स्नेह चाट्ने स्वभावमा प्रदर्शित हुन्छ।कुकुर कुकुरै मात्र नरहेर जीवात्मा साथी बन्छन् ।उनका तीक्ष्ण घ्राणशक्ति अपराध अनुसन्धानका असीम साधना यन्त्र बन्छ।पश्चिमेलीहरू कुकुरलाई छोराछोरीजत्तिकै माया गर्छन्। विद्यार्थीकालमा मेरा स्नातकोत्तर सहपाठी एलेन ह्यापस्की मेसिगन स्टेट विश्वविद्यालयको कक्षामा उनको कुकुरको अवसानमा विरक्तिएको घटना अहिलेझैँ लाग्छ।कुकुरको तीक्ष्ण मस्तिष्ककै कारण रसियन अन्तरिक्ष वैज्ञानिकहरूले 'लाइका' कुकुरलाई भालिन्टिना टेरिस्कोभाभन्दा पहिले अन्तरिक्षमा पठाएथे ।हामी कुकुरको पूजा गर्छौं, किनकि उनी हाम्रा स्नेही साथी हुन्।गाई पालनपोषण कृषिजन्य पेसा भन्छु म।पुरख्यौली पेसा कृषि र कृषिजन्य नै थिए।कृषिका लागि कृषिजन्य पेसा नगरी सुखै हुन्न।यसो हुनु अन्तरसम्बन्धको डोरी बाट्नुबराबर हुन्छ।खेतीका लागि मल चाहिन्छ।गाईले गोबर मल दिन्छ।खेतीका लागि श्रम चाहिन्छ।गोरुले खेतमा हलो जोतेर श्रमदान गर्छ।वातावरण जोगाउन बन चाहिन्छ।गाईगोरु पाल्न डाले घाँस नभई हुन्न । चराचुरुंगी संवद्र्धन र संरक्षण गर्न जंगल जोगाउनैपर्छ।यस्ता कामलाई पुर्खाले सही धर्म भने, माने।गोवर्धन पूजा वनवृद्धि र जोगाउने कार्यमूलक धर्म बन्यो।धर्म शब्दको अर्थ युगसापेक्ष रहन्छ।यो धारणाको मर्म वातावरण विद्हरू अहिले पनि समयोचित ठान्छन्, मान्छन्। गोवर्धनपूजाभित्रका रहस्य र अवधारणाले अहिले झन् महत्व राख्छ।सामुदायिक वन योजना र कार्यक्रम यसै अवधारणामा मौलाइरहेको देख्छु।नेवार समुदायले यसै दिन म्हपूजा 'आत्मपूजा' गर्छन् । गोबरबाट पहाडको सानु आकार तयार गर्छन् ।त्यसमा ससाना हरिया हाँगाबिँगा जडेर गोवर्धन पुज्छन्।गोबरे पहाडको आकार बिम्बबोधक हुन्छ ।तिनमा जडे, घुसारिएका हरिया डाली जंगलका बिम्बबोधक बन्छन्।जे होस्, यी प्रसंग तिहार चाडको चौथो दिनका प्रसंग हुन्।

तेस्रो दिनको पर्व झन् गरिमामय छ।गरिमामय यसनिमित्त बन्छ कि यो निस्लोड अन्धकारमय रातलाई झलमल्ल पारिन्छ।जताततै बत्ती चहकिएको हुन्छ।औँसीको अँध्यारो रात यति उज्यालिएको हुन्छ कि कुनै वस्तु त्यतिन्जेल ओझेलिएको हुन्न ।झलमल्ल पारिएको औँसीको रात पुजिने/आराधना गरिने देवी लक्ष्मी नै बन्छ।लक्ष्मी धनधान्यशाली हुन् ।कृषि धन भन्नु धान नै त हो।धनधान्य शब्दको मर्म कृषि पैदावारका मुख्य बाली धानबाट जीवन धान्ने अर्थमूलक बन्छ। त्यसैले, धान, गहुँ, केराउ, चामल र मास अन्न चढाइन्छ, लक्ष्मी आराधनामा।यी पञ्च धान्य परिकारले पञ्चतत्वमूलक अर्थ विन्यास गर्छ।औँसीको रात उपासना गरिने लक्ष्मीका दुई वाहन लाटोकोसेरो र ख्याक मानिन्छन्।ख्याक कालो डल्लो भुत्लाधारी मांसपिण्डे जन्तु ठानिन्छ।एक शताब्दी

जीवन व्यतीत गर्नुभएका स्वर्गीय पिताजी भन्ने गर्नुहुन्थ्यो– ख्याक भकुन्डोजस्तै र जत्रै डल्ले भुत्ले जीव हो।तिनका पाउ हुन्नन्। गुडुल्किन्छ मात्र।भकुन्डोझैँ स्वस्फूर्त गुड्छ।मस्त सुतेका वेला गुड्दै आङमाथि चढ्न आउने। खुट्टातिर ढकेल्छ कहिले।त्यही मौकामा भकुन्डो ठानेर लत्याएँ।अब यी सब दन्त्यकथाझौँ किंवदन्ती बनिसके।ख्याक लक्षणका भकुन्डे प्राणी रातमा मात्र आउने निशाचर रहेछन्। उपयुक्त परिवेश र वातावरणको अभावमा डायनासरजस्तै ख्याक पनि लोप भइसके। लक्ष्मीको अर्को वाहन लाटोकोसेरो हो।लाटोकोसेरोलाई हाम्रो संस्कारले निको प्राणी ठान्दैन। यसलाई बकुल्लो भगत भनिन्छ।'ताकपरे तिवारी नत्र गोतामे' उखानको पृष्ठपोषक भनिन्छ यसलाई।यसले वास बसेको चरोलाई गुँडबाटै लुछेर लान्छ।आफ्नो आहारा बनाउँछ।यो उज्योलोमा देख्न सक्दैन।अन्धकार यसको साम्राज्य बन्छ।यसको आकृति अजीवको छ।सिंगो टाउको स्प्रिङको सहाराले चल्ने लंगुरझैँ लुकलुक लिकलिक गर्छ।एउटा संस्कारले नचाहेका सबै वस्तु अरुचिकर रहन्न।अर्को संस्कृतिलाई उस्तै रहन्न।यो निशाचर लाटोकोसेरो चरोलाई अमेरिकीहरू नितान्त शालीन अनि बुद्धिमान पक्षी मान्छन्।लिकलिक लुकलुक गर्ने घाँटी र टाउको लाटोकोसेरोको बुद्धिमतापूर्ण चाल ठान्छन् उनीहरू।गाईमाथिको धारणा पनि यस्तै त हो नि, सांस्कृतिक अन्तरविभेद यस्तै हुँदो रहेछ।हामी भने गाई पुज्छौँ।विश्वभरि नै दाजुभाइ, दिदीबहिनीको सम्बन्ध, रक्तसम्बन्ध र कुटुम्ब धारणागत संस्कार एक समान रहेका छन्।एकै धारणा र मान्यताका आधार पैतृक तथा मातृ स्रोत नै रहेका छन्, विश्वजनित रूपमा।तैपनि, हामी हिमवत् खण्डका चेतहरू भने दाजुभाइ अनि दीदीबहिनीका भ्रातृ–भगिनी सम्बन्धलाई भाइटीका पर्व मानेर मनाएर सौहार्द बनाउँछौँ।लाग्छ, सौहार्दता अनुपम मानवीय चेतका शिखरबिन्दु बनेको छ।दाजुभाइ निधारमा सप्तरंगी टीको टालेर सूर्यकिरणका साते रङ–रस प्रत्यावर्तन गर्छन्।

भाइटीकाको चाडपर्वीय मनोविज्ञानसम्मत धरातल गहिरो छ, रसिलो छ, पोसिलो छ।गहिरो यस निमित्त छ कि यसले मनै छुने भावलोक प्रदान गर्छ।मन छुने भावना गम्भीर हुन्छ।दाजुभाइ दिदीबहिनीबिचको आपसी भ्रातृ–भगिनी सम्बन्ध रसमय छ, बनाइदिन्छ, यस चाडपर्वले। भाइटीकाको पोसिलो पक्ष सामाजिक संस्कार मण्डित छ।संस्कारयुक्त व्यवहार जीवन र जगत्कै पोषणतत्व बन्छ, ठहर्छ।भाइटीकाको गहिरो पक्षलाई दिदीबहिनीले दाजुभाइको सम्मानित, सुस्मित पूजा गर्ने स्थानमा आफ्नैसामु बनाइने, पानी, तेल, पोताय (चामलको पिठोमा बेसारले रंगाएको) अबिर, सावा, जजंका (वाटेको काँचो धागो) फूलले सिँगारिएको मण्डप भनूँ, मण्डलले अध्याउँदो छ।अझ यसलाई झलमल्ल पार्ने काम मण्डपका घेराव्यापी लामालामा तैली–सलेदो प्रज्ज्वलन प्रथाले उजिल्याउँछ।दीप दीपै हो।त्यसमाथि तेलमा भिजाएको सलेदो बल्दै फैलाउने शुद्ध तोरीको तेलको धुवाँले आँखालाई औपचारिक गुण गराउनु पोषणका अनेकमध्येको एक पक्ष पक्कै हो।यो पोषण प्रक्रिया आयुर्वेदसम्मत संस्कार ठान्छु।आयुर्वेद जीवन आयु बढाउने मान्त्रिक संस्कारयुक्त स्वास्थ्य विज्ञान मान्छु।दीदीबहिनीले उपहार गर्ने ताजा फल, सुकेफल, सेलरोटी, कपडा आदि नितान्त शुभेच्छायुक्त स्वस्थ दीर्घायु कामनाका सर्जाम ठहर्छन्।भाइटीका मात्र दिदीबहिनीबाट प्रदान हुने गरिने शुभेच्छायुक्त शारदीय

चाड रहन्।दीदीबहिनीप्रति दाजुभाइले दर्साउने शुभेच्छाको आदान–प्रदान पर्व र चाड पनि हो।दिदीबहिनीलाई दाजुभाइले कपडा, नगद, फलफूल, सेलरोटी सबै मिलाएर प्रत्युत्तरमा स्नेह र सम्मान साटासाट गर्छन्।भाइटीका दिदीबहिनी टीका पनि रहेको छ।यो एकोहोरो चाड होइन।दोहारै चाड हो।दाजुभाइले दीदीबहिनीका निधारमा टीकाटाला गर्छन् ।

# विपद् जोखिम न्यूनीकरणमा स्थानीय सरकार




यसपटक पनि अक्टोबर १३ मा विश्वव्यापी रूपमा विपद् जोखिम न्यूनीकरण दिवस मनाइयोजोखिम सचेतना र विपद् न्यूनीकरणको संस्कृतिलाई प्रवर्धन गर्न यो दिवस मनाउने गरिन्छ। यस वर्षको नारा 'विपद् होइन, कोष लचिलोपन' रहेको थियो।जसले विपद् आएपछि मात्र प्रतिक्रिया जनाउने होइन, पहिले नै रोकथाम र तयारीमा लगानी गर्नुपर्ने सन्देश दिन्छ।अन्तर्राष्ट्रिय रूपमा विपद् जोखिम न्यूनीकरण दिवस मनाइँदा नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइयो। मुख्यतयाः विपद् जोखिम न्यूनीकरण गर्न सबै तहको महत्वपूर्ण भूमिका हुन्छ।विशेषगरी सरकार र सरकारका विभिन्न निकायहरूले खेल्ने भूमिकाबारे विपद्को समयमा बढी बहस हुने गरेको छ।आजको विषयमा हामी विपद् जोखिम न्यूनीकरणमा स्थानीय सरकारको जिम्मेवारी र सामथ्र्यको विषयमा चर्चा गर्नेछौं।नेपालको संविधान–२०७२ ले विपद् व्यवस्थापनलाई संघ, प्रदेश र स्थानीय तहको साझा तथा स्थानीय तहको एकल अधिकार सूचीका रूपमा सूचीकृत गरेको छ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (न) मा विपद् व्यवस्थापन सम्बन्धी झन्डै ११ बुँदाको अधिकार सूची प्रदान गरेको छ।सोही आधारमा संवैधानिक व्यवस्था कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तहमा नीति, ऐन, नियम तथा निर्देशिका तर्जुमा भएका छन्।जसमा विपद् व्यवस्थापन सम्बन्धी स्थानीयले नीति, कानुन, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियम गर्ने भन्ने छ।विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, पूर्वसूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्वभण्डारण गर्ने, नदी र पहिरोको नियन्त्रण, विपद् जोखिम क्षेत्रको पहिचान र स्थानान्तरण, विपद् व्यवस्थापन कोषको स्थापना, विपदपश्चात् स्थानीय स्तरको पुनरुथापना र पुनर्निर्माण, स्थानीय आपत्कालीन कार्य सञ्चालन, समुदायमा आधारित विपद् व्यवस्थापनसम्बन्धी कार्यक्रमको सञ्चालनजस्ता जिम्मेवारी तोकिएको छ।यस्तै, संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा समेत स्थानीय तहलाई जिम्मेवारीको ठुलो भारी बोकाएको छ।स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार हो।त्यसैले पनि विपद्सँग जुध्न अग्रस्थानमा रहेर

काम गर्ने जिम्मेवारी पनि स्थानीय सरकारकै हुन्छ। यसो भन्दै गर्दा जिम्मेवारी मात्रै दिएर विपद्सँग जुध्ने सामथ्र्य प्राप्त हुँदैन। स्थानीय सरकारहरूले आफ्नो क्षमता र सामथ्र्यभन्दा बढी अधिकार र जिम्मेवारी प्रदान गरेको महसुस गरेका छन्। स्थानीय सरकारहरूले विपद् व्यवस्थापनका लागि केही प्रयास गरे पनि पर्याप्त भने छैन। पालिकाहरूमा विपद् सम्पर्क व्यक्ति तोकिएका छन् तर उनीहरूले कुनै तालिम प्राप्त गरेका छैनन् र बहु–जिम्मेवारी प्रदान गरिएको छ। जसकारण विपद् सम्पर्क व्यक्ति औपचारिकतामा मात्रै सीमित छन्। विपद् सम्पर्क व्यक्ति लागि कुनै औपचारिक कार्य विवरण वा स्पष्ट कार्य विभाजनसमेत गरेको पाइँदैन। जसले गर्दा पालिकामा विपद् सम्बन्धी नियमित काम र जिम्मेवारी पूरा हुने गरेका छैनन्। यस्तै, पालिकाहरूले आफ्नो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने र प्रत्येक वर्षको मनसुनपूर्व अद्यावधिक गर्नुपर्नेहुन्छ। स्थानीय तहमा गरिने विपद् पूर्वतयारी तथा प्रतिकार्यसम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी ढंगबाट सम्पन्न गर्न छुट्टै योजना तर्जुमा गर्नुपर्नेहुन्छ। विद्यमान कानुनी व्यवस्थाअनुरूप समेत स्थानीय तहले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न आवश्यक रहेको हुन्छ। तर अपवादबाहेक कुनै पनि स्थानीय सरकारहरूले प्रतिकार्य योजना तयार गरेका छैनन्। समुदायमा विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न विपद्को पूर्वतयारी गरी उपलब्ध मौसम पूर्वानुमानको आधारमा पूर्वकार्य गर्नुका साथै विपद्जन्य घटना भइहालेमा प्रभावकारी प्रतिकार्य गरी विपद्को प्रभाव कम गर्न बनाइने योजना नै नभएपछि विपद् जोखिम न्यूनीकरणमा काम हुन नसक्नु स्वाभाविक हो। स्थानीय विपद् व्यवस्थापन समितिहरू धेरैजसो स्थानीय तहमा गठन नै भएका छैनन्। गठन भएका पालिकाहरूमा समेत निष्क्रिय छन्। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले विपद् व्यवस्थापन समितिहरू संरचना वडा तहसम्मै तोकेको छ। गाउँपालिका तथा नगरपालिकाहरूमा स्थानीय विपद् व्यवस्थापन समिति र वडाहरूमा वडा विपद् व्यवस्थापन समितिको संरचना रहने भनेको छ तर पालिका र वडाहरूमा समितिहरू सक्रिय भएको बैठक बसेको पाइँदैन। जसले गर्दा विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्यका लागि कुनै ठोस योजना बन्दैनन् र विपद्को समयमा सरकारको भूमिका कमजोर देखिन्छ।

**Bhume Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Khabang Bagar, Rukum (East)**
**Lumbini Province, Nepal**

**INVITATION FOR BIDS**

**Date of publication: 19-10- 2025 (2082/07/02)**

1. ***Bhume Rural Municipality*** invites electronic bids from Registered Nepalese eligible bidders for the following work.

| S. N. | Contract ID. | Description and location of work | Estimated Amounts (Including VAT, PS etc.) | Bid Security Amounts | Price of Bid Documents | remarks |
|---|---|---|---|---|---|---|
| 1 | BRM-RUKUM(EAST)/W/NCB/01/2082-083 | Construction Of Kankri Health Post Building, Bhume 02, Rukum East | 1,96,81,147.12 | 5,00,000 | 3,000 | |
| 2 | BRM-RUKUM(EAST)/W/NCB/02/2082-083 | Construction Of Mahat And Kanda School Building, Bhume 04 And 06, Rukum East | 1,90,47,787.50 | 5,00,000 | 3,000 | |
| 3 | BRM-RUKUM(EAST)/W/NCB/03/2082-083 | Construction Of Gabang, Dharmashala & Serabang School Building, Bhume 02, 05 And 07, Rukum East | 1,61,08,347.58 | 4,00,000 | 3,000 | |
| 4 | BRM-RUKUM(EAST)/W/NCB/04/2082-083 | Construction Of Namuna And Pedi Dharmashala School Building, Bhume 09, Rukum East | 1,11,23,889.16 | 2,75,000 | 3,000 | |
| 5 | EGP/BRMO/SQ/G-03/2082-83 | The procurement of Supply and Delivery of Veterinary | | 15,100.00 | 1,000 | 1st Date of publication: 21-09-2025 (2082/06/05) Re-bid) |

2. Eligible Bidders may visit PPMO website www.bolpatra.gov.np/egp. for further information.
3. Bidder should submit their bid electronically and download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : Citizens Bank International Ltd., Bhume Branch
   Name of Office : Bhume Rural Municipality, Khabangbagar, Rukum East
   Rajaswa Account no. : 0780100000001202 ( Ga 1.1 Bhume Ga.Pa. Aantarik Rajaswa Khata )
4. Sealed or electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on before **12:00 on 18/11/2025** . Bids received after this deadline will be rejected. (Except re-bid)
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 on 18/11/2025** at the office of ***Bhume Rural Municipality Khabangbagar, Rukum (Eastern part)***. (Except re-bid)
6. Bids must be valid for a period of ***90 days*** and must be accompanied by a scanned copy of the bid security in .pdf format for e-bid, which shall be valid for 120 days from the final bid submission date. If bidder wishes to submit the bid security in the form of cash the cash should be deposited in the bank account with the following information.
   Name of the Bank : Citizens Bank International Ltd., Bhume Branch
   Name of Office : Bhume Rural Municipality, Khabangbagar, Rukum East
   Deposit Account no. : 0780100000030201 ( Ga 3 Bhume Ga.Pa. Dharauti Khata ) . (Except re-bid)
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject , wholly or partly any or all the bids without assigning any reason. Matters not covered by this notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulations, 2064 and prevailing regulations.

**Chief Administrative Officer**